**Spectrum of Humanities & Social Sciences**
Volume 1, Issue 1, April 2025
ISSN 3059-9849 (Print)
Published by Graduate School of Humanities and Social Sciences
Mid-West University, Birendranagar, Surkhet, Nepal
https://muodgshss.edu.np

***Peer Reviewed Article***

# सुर्खेत आन्दोलनमा स्थानीय सञ्चारमाध्यमको भूमिका

**कलेन्द्र सेजुवाल**
पूर्वकोषाध्यक्ष, नेपाल पत्रकार महासंघ एवम्
सम्पादक, नेपालनीति डटककम
ksejuwal@gmail.com

**Article History**
*Received: 6 Jan 2025; Reviewed: 20 Feb 2025; Revised: 5 March 2025; Accepted: 5 April 2025; Published: 21 April 2025*

## सारसङ्क्षेप

*यस अध्ययनमार्फत छुट्टै प्रदेश र सुर्खेतलाई प्रादेशिक राजधानीको सुनिश्चितताको मागलाई केन्द्रित गरि गरिएको सुर्खेत आन्दोलनमा स्थानीय सञ्चारमाध्यमहरूको भूमिकामाथि विश्लेषण गरिएको छ। स्थानीय सञ्चारमाध्यमहरूको भूमिका अध्ययनका लागि सुर्खेतबाट प्रकाशित र प्रसारित हुने आठवटा दैनिक पत्रिका, दुईवटा स्थानीय एफएम रेडियो र एउटा टेलिभिजनमा आन्दोलन अवधिभर प्रकाशित प्रसारित समाचार सामग्री संकलन गरी ती समाचारले आन्दोलनमा खेलेको भूमिकालाई गुणात्मक अनुसन्धान विधिको प्रयोग गरि विश्लेषण गरिएको थियो। उक्त विश्लेषणबाट सुर्खेतका अधिकांश मिडियाहरूले तटस्थता कायम राख्न असफल भई आन्दोलनकारी झैं प्रस्तुत हुँदै भावनात्मकरुपमा भड्काउने सामग्री प्रकाशन र प्रसारण गरेको पाइयो। संचारमाध्यहरुले हिंसात्मक दृश्य र विभत्स घटनाहरूलाई सम्पादनबिना जनतामाझ पुर्‍याउनुले स्थिति झनै जटिल बनाएको थियो। शान्ति र समाधानका उपायहरू सुझाउनुपर्ने ठाउँमा उल्टो आक्रोश र असन्तुष्टि थप्ने काम भयो, जसले पत्रकारितामा तटस्थता, सन्तुलन र विवेकको अभावलाई उजागर गर्‍यो। त्यसैले मिडियाहरूले राजनीतिक प्रभावबाट पूर्णतः निरपेक्ष भई व्यावसायिकता र जिम्मेवार पत्रकारिता अभ्यास गर्नुपर्छ। पत्रकारहरूलाई राजनीतिबाट टाढा राख्नका लागि प्रशिक्षण र सचेतना कार्यक्रम सञ्चालन गर्न आवश्यक छ। समाजका सरोकारका विषयहरूलाई सही दृष्टिकोणबाट सम्बोधन गर्दै हिंसा र तनाव कम गर्न सकारात्मक भूमिका निर्वाह गर्न मिडियाहरूले सक्रियता देखाउनुपर्छ। यसरी मात्र सञ्चारमाध्यमले समाजप्रति आफ्नो दायित्व पूरा गर्न सक्छ।*

## शब्द कुञ्जिका

*संचारमाध्यम, रेडियो, टेलिभिजन, पत्रिका, शान्ति पत्रकारिता, युद्ध पत्रकारिता, सुर्खेत आन्दोलन र राजनीति*

## अध्ययनको पृष्ठभूमी

प्रदेश सीमांकनलाई लिएर २०७२ साउन २४ देखि भदौ ४ गते (१३ दिन) सम्म सुर्खेतमा हिंसात्मक आन्दोलन चल्यो। आन्दोलनको क्रममा तीनजनाको ज्यान गयो भने सयौं व्यक्ति घाइते भए। "सुर्खेत आन्दोलन"को नामले परिचित उक्त आन्दोलनको सुरुवात, त्यसको प्रभाव र सुर्खेती सञ्चार माध्यमले खेलेको भूमिकाबारे सत्य–तथ्य बाहिर ल्याई समाजमा शान्ति स्थापना कायम गर्न सञ्चार माध्यमलाई जवाफदेही बनाउने उद्देश्यले यो अध्ययन गरिएको हो।

**Copyright Information**: *Copyright 2025© The author/s of each article. However, the publisher may reuse the published articles with prior permission of the authors. This journal is licensed under a Creative Commons Attribution 4.0 International (CC BY 4.0) License.*

२०७० मंसिर ४ गते सम्पन्न दोस्रो संविधानसभा निर्वाचनपछि नयाँ संविधान बन्ने प्रक्रियाले गति लियो। नयाँ संविधानको सबैभन्दा महत्वपूर्ण र जटिल मध्येको एक मुद्दा थियो– राज्य पुनर्संरचनामार्फत संघीयता घोषणा। संघीयतासँगै देश बिभिन्न प्रदेशमा बिभाजित हुने निश्चित थियो। र, त्यही बिभाजनले प्रदेशका संभाबित राजधानी पनि संकेत गर्दथ्यो। तत्कालीन मध्यपश्चिमाञ्चल विकास क्षेत्रको क्षेत्रीय सदरमुकामको रुपमा रहेको सुर्खेत (वीरेन्द्रनगर) संघीयतासँगै आफू अवस्थित प्रदेशको राजधानी हुने महोत्वाकांक्षा पालेर बसेको थियो। २०७२ साउन तेस्रो साताको समाप्तीसँगै प्रमुख राजनीतिक दलहरुबीच प्रदेश निर्माण र सीमांकनका विषयमा लगभग कुरा मिल्ने देखियो। आन्तरिक रुपमा भएका औपचारिक तथा अनौपचारिक छलफलका कुरा बाहिर मिडियामा आउँदा सुर्खेतवासीहरु सशंकित थिए। देशमा ६ वटा प्रदेश बन्ने र यसरी बन्ने सुर्खेतसहितको प्रदेशको राजधानी सुर्खेत (वीरेन्द्रनगर) नहुने संभावना देखियो। यही संभाबनाबीच २०७३ साउन २३ गते प्रमुख दलहरुबीच ६ प्रदेशसहितको नयाँ संघीय नेपाल बनाउने औपचारिक सहमति भयो। सिंगो सुदूरपश्चिममा कर्णालीका पाँचसहित भेरीका दैलेख, जाजरकोट, सुर्खेत र राप्तीका सल्यान र रुकुम (आधा) ६ नम्बर प्रदेशमा परे। यस्तो बनावटमा सुर्खेतवासीहरु सुर्खेत प्रादेशिक राजधानी नबन्ने ठम्याइमा पुगे। र, भोलिपल्ट २०७२ साउन २४ देखि औपचारिक रुपमा आन्दोलन घोषणा गरे।

आन्दोलन निकै हिंसात्मक बन्यो। प्रहरीको गोली लागेर तीन व्यक्तिको मृत्यु भयो। एक पत्रकारसहित सयौंको संख्यामा सर्वसाधारणहरु प्रहरीको गोली लागेर तथा कुटपिटबाट घाइते भए। आन्दोलनकारीको आक्रमणमा परेर सुरक्षाकर्मीसमेत घाइते भए। आन्दोलनको क्रममा सुर्खेतबाट संविधानसभामा प्रतिनिधित्व गर्ने सभासदका घर तथा प्रमुख राजनीतिक दलका पार्टी कार्यालयमा समेत आगजनी गरियो। स्थिति निकै तनाबपूर्ण र भयावह भयो। यद्यपि, यस्तो अवस्थामा सुर्खेतस्थित छापा तथा विद्युतीय सञ्चार माध्यमले समाजमा शान्ति स्थापना गर्न खासै उल्लेखनीय भूमिका नखेलेको आरोप खेप्नुपर्‍यो। आन्दोलन क्रममा शान्ति पत्रकारिताको अभ्यास भएन। बरु बिभिन्न सञ्चार माध्यम र सामाजिक सञ्जालमा प्रकाशित–प्रशारित समाचारले आन्दोलनलाई थप हिंसात्मक बनाउन मद्दत पुर्‍यायो। सञ्चारकर्मी र सञ्चार माध्यमहरु आन्दोलनकारीजस्तै देखिए। उनीहरुले आन्दोलनसम्बन्धी गतिविधिलाई शान्ति पत्रकारिताको मर्मबिपरित समाचारको रुपमा प्रशारण–प्रकाशन गर्ने काम गरे। अर्कोतर्फ पत्रकारहरुको साझा संस्था नेपाल पत्रकार महासंघको जिल्ला शाखासमेत आन्दोलनमा सहभागी भयो। समाजमा देखिने हरेकखाले आन्दोलन (द्वन्द्व)मा पत्रकारको भूमिका कस्तो हुनुपर्छ भन्ने महत्वपूर्ण सवाल सुर्खेत आन्दोलनमा मिडियाको भूमिकाले उठान गरेको थियो। यसै सन्दर्भमा सुर्खेतमा रहेका संचार माध्यमले उक्त आन्दोलनमा के कस्तो निर्वाह गरे भन्नेबारे जानकारी हासिल गर्न यो अध्ययन गरिएको हो।

## अध्ययनको उद्देश्य

यो अध्ययनको मुख्य उद्देश्य भनेको सुर्खेत आन्दोलनको सुरुवात, त्यसको हिंसात्मक स्वरूप र प्रभाव विस्तारमा सञ्चार माध्यमको प्रत्यक्ष-अप्रत्यक्ष भूमिकाको मूल्याङ्कन गर्नु हो। आन्दोलनमा सञ्चार माध्यमको संलग्नताले त्यस क्षेत्रको पत्रकारिता क्षेत्रलाई कस्तो दीर्घकालीन प्रभाव पार्न सक्छ भन्ने प्रश्नको उत्तर खोज्नु पनि यस अध्ययनको मूल ध्येय हो।

यस उद्देश्यलाई प्रस्ट्याउन निम्न बुँदाहरूमा ध्यान केन्द्रित गरिएको छ:

- प्रदेश सीमांकनसँगै सुर्खेतमा आन्दोलन किन, कसरी र कस्तो भयो ?
- आन्दोलनमा स्थानीय सञ्चार माध्यमहरूको भूमिका र तिनका स्वार्थ के थिए ?

## पूर्वकार्यको समीक्षा

### द्वन्द्वमा मिडिया

द्वन्द्वलाई मिडियाको लागि 'हट केक' मानिन्छ। संसारभरि नै सञ्चारमाध्यममा द्वन्द्वका विषयले प्राथमिकता पाउँछ, किनकी द्वन्द्व मिडियाको लागि बिकाउ मसला हो। खराब समाचार नै राम्रो समाचार भन्ने मान्यताबाट मिडिया अभिप्रेरित हुन्छन्। क्यानाडाका पत्रकार इग्नाटिफका अनुसार जब युद्ध एउटा लोकप्रिय खेल बन्छ, मिडिया त्यसको कमाण्ड गर्ने निर्णायक शक्ति बनिदिन्छ। कुनै पनि द्वन्द्वको बिस्तार वा उठानदेखि व्यवस्थापनसम्ममा सञ्चारमाध्यमको भूमिका हुने गर्छ। क्रिमिया युद्ध (१८५३–१८५६)मा पहिलोपटक युद्ध समाचार पठाएर लण्डन टाइम्सका संवाददाता विलियम होवार्ड रसेल प्रथम युद्ध संवाददाताको रुपमा विश्वमै प्रशिद्ध भए (*गुरुङ, २०६१)*। युद्ध पत्रकारिता एक कला हो। यसको लागि विशेष खुबी र क्षमता हुनु जरुरी ठानिन्छ।

रुवाण्डामा तुत्सी र हुतु समुदायबीच भएको जातीय हिंसालाई उदाहरणको रुपमा लिन सकिन्छ। *(घले, २०७१)* का अनुसार सन् १९९४ मा रुवान्डाको जनसंख्या करिब ७० लाख थियो। त्यसमा हुतु ८५ प्रतिशत, तुत्सी १४ प्रतिशत र तावा १ प्रतिशत थिए। १९९० मा हुतु अतिवादीले तुत्सीमाथि राज्यको अधिक सम्पत्ति र सुविधा ग्रहण गरेको र रुवान्डा पेट्रियोटिड फ्रन्ट (आरपीएफ) सशस्त्र समूहलाई सहयोग गरेको आरोप लगाई अत्याचार गर्न थालेपछि दुई समूहबीचको वैमनस्यता चरमोत्कर्षमा पुग्यो। ६ अप्रिल १९९४ मा हुतु समूहका राष्ट्रपति

हावातीमानालाई लिएर आएको हवाईजहाज विमानस्थलमा अवतरण गर्न लाग्दा गोली हानी खसालियो । यो तुत्सीहरूले गरेका भनेर रेडियोमा प्रसार गरियो। त्यहाँको सरकारी रेडियोबाट तुत्सीलाई 'साङ्लो'को संज्ञा दिएर घृणा र आक्रोश जन्माउने काम गरियो। रेडियोमा प्रसारित अतिरञ्जनात्मक समाचारले हुतुहरूलाई तुत्सी जनसंख्यामाथि आक्रमण गर्न थप बाध्य बनायो । सय दिनको अवधिमा १० लाख मानिस मारिए। त्यसमा अधिकांश तुत्सी र केही उदारवादी हुतु पनि थिए। तुत्सीसँग विवाह गरेका हुतु महिलाको बलात्कार र हत्या भयो। यी हत्यामा हुतु अतिवादी र राष्ट्रिय सेना आमरूपमा संलग्न थिए। त्यो भयानक त्रासदीपूर्ण नरसंहारपछि तुत्सी समर्थित आरपीएफको सशस्त्र आक्रमण प्रभावशाली रूपमा अगाडि बढ्यो। पछि, हुतुहरूको नरसंहार अभियान रोकियो र उनीहरू छिमेकी मुलुकतिर भागे। रुवाण्डा घटना विश्व पत्रकारिताको लागि पनि निकै दुःखद घटना हो। यसले पत्रकारिताको विश्वसनियतामाथि नै गंभीर प्रश्न उठाएको छ। किनभने– यसरी आमहत्याको अवस्था सिर्जना हुनुको पछाडि त्यहाँको सञ्चारमाध्यमको हात रहेको देखिन्छ *(Thompson, 2007)* । रुवाण्डा आमसंहार एउटा उदाहरणमात्र हो । विश्वमा भएका बिभिन्नखाले द्वन्द्वमा मिडियाको भूमिका शान्ति स्थापनाभन्दा पनि द्वन्द्वलाई पश्रय दिने खालको देखिन्छ *(गुरुङ, २०६१)* ।

नेपाल पनि अछुतो छैन । दश वर्ष (२०५२–२०६२)सम्म चलेको माओवादी 'जनयुद्ध'का बेला नेपालमा द्वन्द्व पत्रकारिताले औपचारिक रुपमा प्रवेश पाएको थियो । माओवादी युद्धका समाचारलाई सुरुमा मिडियाले रोमाञ्चकारी घटनाका रुपमा लिए । रोमाञ्चक रुपमा लिने र हल्ला पिट्ने काम भयो । सूचना पस्किनेभन्दा पनि सनसनीपूर्ण बनाउने गरेको पाइयो । कुनै पनि द्वन्द्वमा दुबै पक्षले मिडियामार्फत प्रचार खोजेका हुन्छन् । अझ कतिपय अवस्थामा त सम्बन्धित पक्षको ध्यान खिच्नको लागि अप्रिय घटना घटाइन्छन् । माओवादीले पत्रकारलाई आफ्नो क्षेत्रमा 'गाइडेड टुर' गराउँदै मिडियाको भरमार उपयोग गरेका थिए । सेनाले पनि त्यसैलाई पछयाउँदै पत्रकारलाई स्थलगत भ्रमण गराई हारेको लडाइँ पनि जितेको भन्दै प्रचार गराएको थियो । उदाहरणको निम्ति रोल्पाको लिस्ने, गाम र कैलालीको पाण्डौनमा पत्रकारलाई पुऱ्याई हारेको लडाइँ जितेको भन्ने ढंगबाट समाचार प्रवाह गराइएको थियो । सशस्त्र द्वन्द्वमा प्रत्यक्ष होमिएका पत्रकारहरुले युद्ध पत्रकारितालाई 'मिसन' भन्ने गरेका छन् । युद्ध पत्रकारिता व्यवसाय वा पेशा हुन सक्दैन । यो एक मिसन हो । नेपाली सन्दर्भमा युद्ध पत्रकारिता भनेको जनयुद्धको विकास, विस्तार, विजयका खबर र विचारको प्रचार हो *(शर्मा र धिताल, २०६३)* ।

पहिलो मधेस आन्दोलन (२०६३)मा मिडियाको भूमिकालाई सन्तुलित मान्न सकिँदैन। करिब ५० जनाको ज्यान जानेगरी भएको आन्दोलनमा कतिपय स्थानीय सञ्चारमाध्यमले हिंसालाई बढवा दिनेगरी उत्तेजनापूर्ण समाचार सामग्री प्रकाशन–प्रशारण गरेका थिए *(पोख्रेल, दाहाल र सिग्देल, २०६४)*। फ्रिडम फोरमले मधेस आन्दोलनका सन्दर्भमा गरेका अध्ययनमा हिंसा एवं अराजकताको समाचारलाई सञ्चारमाध्यमले प्राथमिकताका साथ प्रकाशन–प्रशारण गर्ने, तर शान्तिपूर्ण आन्दोलनको समाचार ओझेलमा पार्ने गरेको दृष्टान्तहरु देखिएको थियो। भाषासमेत आक्रामक र आगोमा घ्यू थप्ने किसिमको थियो। यसबाट आन्दोलनलाई साम्प्रादायिक, दरबारिया षड्यन्त्र, विदेशीको उक्साहट आदि विश्लेषण लगाइयो, तर आन्दोलन किन भन्नेबारे सत्यतथ्य अगाडि ल्याउन सम्बन्धित माध्यमहरुले चेष्टा गरेनन् *(ऐ.)*। मधेस आन्दोलनको क्रममा त्यहाँका पत्रकारहरुको भूमिकाले स्वयं उनीहरुको सुरक्षा चुनौतीसमेत थपेको देखिन्छ। कतिपय पत्रकारहरुले विगतमा द्वन्द्वका क्रममा मध्यस्थकर्ताको भूमिका खेल्ने र कतिपयले पत्रकारको आवरणमा अन्य काम गर्ने गरेकाले आन्दोलनको क्रममा उनीहरु पनि असुरक्षित भएको पाइयो *(नेपाल पत्रकार महासंघ, २०६४)।*

## असंवेदनशील न्यू मिडिया

पछिल्लो समय 'न्यू मिडिया'को रुपमा उदाएका सामाजिक सञ्जालले हिंसालाई झन् तेल थप्ने काम गरेका छन्। भलै तिनीहरुको कामबाट परिवर्तवन किन नभएको होस् । 'अरब स्प्रिङ' भनेर सन् २०१० डिसेम्बरमा सोसियल मिडियाबाट सुरु भएको शव्दको आगो केही दिनमै अरबभरि फैलियो। ट्यूनिसियादेखि सिरियासम्म आइपुग्दा कर्नेल मोहमद गद्दाफी र होस्नी मुवारकजस्ता तानाशाहहरु ढले। अरब क्रान्तिका नाउँले चिनिने यो आन्दोलनमा सोसियल मिडियाको अनौठो र अभूतपूर्व योगदान रह्यो। सन् २०११ सेप्टेम्बरमा 'अक्कुपाई वाल स्ट्रिट' भनेर सामाजिक सञ्जालबाटै सुरु भएको आन्दोलनले संसारको ध्यान खिच्यो। सामाजिक र आर्थिक समानताको माग गर्दै सुरु भएको आन्दोलनले न्यूयोर्कका सडकमा लाखौं मान्छेलाई उतारेको थियो । सरकारलाई कर्पोरेट र पूँजिपतिका पुत्लाको संज्ञा दिँदै उठेको आन्दोलनको असर युरोपसम्म पुग्यो। छिमेकी राष्ट्र भारतमा भएको एउटा जघन्य बलात्कारको घटनालाई 'ग्याङ रेप इन इण्डिया २०१२' भनेर सोसियल मिडियाले नै संसारभर चिनायो। सञ्जालमा आएको लहरले उरालेको आन्दोलनले त्यहाँको कानुन परिवर्तन गरायो। २०७४ असार ७ गते अनलाइनमजदूर डट कममा प्रकाशित आलेख अनुसार भारत सरकारले सोही घटनापछि भारतमा बलात्कारका दोषीलाई कडा सजायको व्यवस्था गरेको छ।

सुर्खेत आन्दोलनमा समेत न्यू मिडिया एक महत्वपूर्ण साधन बनेको थियो। मध्यपश्चिम विश्वविद्यालयका प्राध्यापकहरुले साउन २२ गते बिहान आन्दोलन गर्ने भनि गरेको निर्णय सबैभन्दा पहिले फेसबुकबाट सार्वजनिक गरेका थिए। 'हामीले आन्दोलनमा मान्छे जुटाउनको लागि मूलधारका मिडियाका साथै सामाजिक सञ्जाल (न्यू मिडिया)लाई अधिकतम रुपमा प्रयोग गर्यौं,' आन्दोलनको नेतृत्व गरेका मध्यपश्चिम

विश्वविद्यालयका उपप्राध्यापक तेजविक्रम बस्तेतले शोधकर्तासँग भनेका थिए, 'फेसबुकमा सुचना हाल्ने बित्तिकै मान्छेहरु भनेकै ठाउँमा, भनेकै समयमा आइहाल्थे ।' आन्दोलन अवधिभर सामाजिक सञ्जाल (विशेषगरी फेसबुक)को भूमिका आन्दोलनको समयतालिकाबारे सुचना दिन र मान्छे जुटाउन निकै प्रयोग भएको थियो। यस बीचमा सामजिक सञ्जालको दुरुपयोग पनि निकै भयो। काँक्रेबिहारमा रहेको बुद्धमूर्ति हिन्दुहरुले फुटाएको भन्दै सामाजिक सञ्जालमा फोडिएको बुद्धमूर्तिको तस्बिर सार्वजनिक गरियो। त्यसैगरी सुरक्षाकर्मीप्रति भावनात्मक सम्बन्ध धमिल्याउने गरी अन्यत्र कतै प्रहरीले महिलाको घाँटी निमोठ्योको तस्बिर सुर्खेत घटनाको भन्दै शेयर गर्ने गरियो। मध्यपश्चिम विश्वविद्यालयका उपप्राध्यापक त्रिभुवन बिसीका अनुसार सुर्खेत आन्दोलनमा सामाजिक सञ्जाल निकै दुरुपयोग भएका थिए। यसले पनि आन्दोलनलाई हिंसात्मक बनाउन ठूलो भूमिका खेलेको देखिन्छ। उनको भनाइमा अहिले मान्छेहरु रेडियो, पत्रिका वा टिभिभन्दा छिटो सामाजिक सञ्जालको पहुँचमा पुग्छन्, यही पहुँचलाई आन्दोलनकारीले प्रयोग गरेको पाइयो।

## सुर्खेत आन्दोलनको पृष्ठभूमि र परिवेश

सुर्खेत उपत्यकामा अवस्थित वीरेन्द्रनगर तीव्रोत्तर रुपमा विकसित भइरहेको नेपालको एक आधुनिक शहर हो। राजा महेन्द्रले २०२९ सालमा क्षेत्रीय विकासको अवधारणा ल्याएपश्चात देश चारवटा विकास क्षेत्रमा विभाजित भयो। तत्कालीन सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको क्षेत्रीय सदरमुकाम वीरेन्द्रनगर कायम गरियो। २०३७ सालमा सुदूरपश्चिमाञ्चल विकासक्षेत्र विभाजित भएर मध्यपश्चिमाञ्चल विकास क्षेत्र बन्यो। उक्त विकास क्षेत्रको क्षेत्रीय सदरमुकाम पनि वीरेन्द्रनगर नै कायम भयो। भेरी, राप्ती र कर्णालीका १५ जिल्लाको केन्द्र भएपछि आमनागरिकको लागि सुर्खेत स्वाभाविक रुपमा संभावना र अवसरको केन्द्र बन्न पुग्यो। शहरीकरणसँगै यहाँ विकासका पूर्वाधारहरु पनि धमाधम स्थापना हुन थाले। झण्डै दुई दशक लामो संघर्षपछि २०६८ सालमा मध्यपश्चिम विश्वविद्यालय स्थापना भयो। पूर्वाधार अभावमा नेपालगन्जमा रहेका सुरक्षा निकायलगायत अन्य सरकारी निकायका क्षेत्रीय संरचनाहरु सुर्खेत सरे । मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल (हाल प्रदेश अस्पताल नामाकरण) पनि स्थापना भयो। आफू बसेको ठाउँ स्वाभाविक रुपमा सबैलाई प्यारो लाग्छ। उक्त क्षेत्रको समृद्धि र विकास होस् भन्ने सबै चाहन्छन्। आफ्नो बर्तमानमात्र होइन, भावी पुस्ताको जीवनसमेत जोडिने भएकोले आफू बसेको भूगोलको उन्नयनको लागि मान्छेहरु हरतरहले लाग्छन्। सुर्खेती मिडिया पनि यही कुराबाट प्रभावित भएको पाउन सकिन्छ। सुर्खेतमा प्रदेश राजधानी भएमा मिडियाको विकासले गति लिने अपेक्षा मिडियाकर्मीमा पाउन सकिन्छ। २०२४ सालमा जनकलाल शर्माद्धारा सम्पादित तथा प्रकाशित समसामयिक साहित्यिक पत्रिका 'जुनकिरी'लाई सुर्खेती पत्रकारिताको पहिलो पाइला मान्ने गरिन्छ। त्यसपछि २०२७÷२०२८ सालतिर राजधानीका बिभिन्न पत्रपत्रिकामा यहाँका पत्रकारले समाचार सम्प्रेशण गर्दै आएको पाइन्छ। २०३९÷४० सालतिर बालाराम शर्माले (मातृभूमि साप्ताहिक), भानुभक्त भारती (पृष्ठभूमि साप्ताहिक) र टंकप्रसाद भट्टराई (रासस प्रतिनिधि)ले पत्रकारिता गरेको पाइन्छ *(नेपाल पत्रकार महासंघ सुर्खेत शाखा, २०६४)*। यसरी सुर्खेती पत्रकारिताको विकासक्रम पञ्चायतकालदेखि सुरु भए पनि यथोचित विकास भएको पाइँदैन। यस्तो अवस्थामा सुर्खेत राजधानी बनेमा यहाँको पत्रकारिताको पनि विकास हुने भएकाले पत्रकारले आन्दोलनकारी झैं एकपक्षीय रुपमा समाचार सम्प्रेशण तथा प्रकाशित गरेका हुन्, जसले आन्दोलनलाई मलजल गरेको थियो।

## अनुसन्धानको बिधि

यो अध्ययनलाई गुणात्मक अनुसन्धान ढाँचाको आधारमा सञ्चालन गरिएको हो। अनुसन्धानमा सुर्खेत जिल्लाको आन्दोलनको विषयमा गहिरो अध्ययन गर्न दैनिक पत्रिका, एफएम रेडियो, टेलिभिजनका समाचार र अन्य प्रकाशनहरूमा आएका समाचारलाई अध्ययन गरिएका थिए। यस अनुसन्धानले आन्दोलन अवधिभर सञ्चार माध्यममा प्रकाशित बिभिन्न सुर्खेत आन्दोलन संग सम्बन्धित समाचारहरूको विश्लेषण गरी गहिरो निष्कर्ष प्रस्तुत गर्ने प्रयास गरिएको छ। अध्ययनको क्रममा तथ्यांक संकलनका लागि सुर्खेतका आठवटा दैनिक पत्रिका, दुईवटा स्थानीय एफएम रेडियो र एउटा टेलिभिजनमा आन्दोलन अवधिभर प्रकाशित प्रसारित समाचार सामग्री संकलन गरी त्यसको अध्ययन तथा विश्लेषण गरिएको छ। दैनिक पत्रिकाहरु सबैको अध्ययन गरिएको छ भने चारमध्ये दुईवटा एफएम (राजनीतिक विचारधारासँग निकटताको आधारमा) अध्ययनको लागि छानिएको छ। यस अध्ययनका लागि उद्देश्यमूलक ढंगले छानिएका संचारमाध्यमको सुची तालिका १ मा प्रस्तुत गरिएको छ।

तालिका १: तथ्यांक संकलनका लागि छनौट गरिका विद्युतीय र छापा माध्यम

| दैनिक पत्रिका | एफएम रेडियो | टेलिभिजन |
|---|---|---|
| काँक्रेबिहार दैनिक | सुर्खेत एफएम | सुनगाभा टेलिभिजन |
| हाम्रो अखबार दैनिक | जागरण एफएम | |
| साझा बिसौनी दैनिक | | |
| लोकमञ्च दैनिक | | |

सुर्खेतपत्र दैनिक
युग आह्वान दैनिक
सुर्खेत पहिचान दैनिक
हाम्रो नयाँ नेपाल दैनिक

सुर्खेत आन्दोलनको सन्दर्भमा सुर्खेतबाट प्रकाशित हुने आठवटा दैनिक पत्रिकाका समाचार अध्ययन तथा विश्लेषण गर्दा निकै रोचक तथ्य फेला परेका छन्। आन्दोलन सुरु हुनुभन्दा एक दिनअघि र आन्दोलन समापन भएपछिको एक दिनको पत्रिकाहरु अध्ययन गरिएको थियो। पत्रिकाहरुमा आन्दोलनसम्वन्धी समाचारले निकै प्राथमिकता पाएका छन्। पत्रिकाहरुले उक्त अवधिमा अरु सबै कुरा बिर्सिएर आन्दोलनलाई मात्र प्राथमिकता दिएका पाइन्छ। पत्रिकामा समाचारमात्र होइनन्, आन्दोलनकारीका आह्वान, अपिल, विज्ञप्तिले पनि राम्रै स्थान पाएका देखिन्छ। सीमांकनअघि नै साउन २२ गते मध्यपश्चिम विश्वविद्यालयबाट प्राध्यापकहरुको नेतृत्वमा अखण्ड मध्यपश्चिमको माग गर्दै आन्दोलन सुरु भएको थियो। उक्त आन्दोलनमा आन्दोलनकारीको सहभागिता निकै कम थियो। सीमांकनसमेत भइनसकेको अवस्थामा कतिपयले हतारिएर आन्दोलन किन ? भन्ने प्रश्न पनि तेर्स्याएका थिए। तर, उक्त आन्दोलनलाई सुर्खेतबाट प्रकाशित हुने दैनिक पत्रिकाहरुले साउन २३ को संस्करणमा राम्रै स्थान दिएका थिए। साझा बिसौनी दैनिकले पहिलो पृष्ठमा "अखण्ड मध्यपश्चिम माग्दै आन्दोलन" शीर्षकमा तस्बिर सहितको समाचारलाई पाँच कोलममा प्रमुख स्थान दिएको थियो। उक्त समाचारमा ‘प्रादेशिक राजधानी सुर्खेत नै हुनुपर्छ’ भन्ने मागलाई पनि प्रमुखताका साथ उठाइएको छ। सोही दिनको हाम्रो नयाँ नेपाल दैनिकले ‘सुर्खेतमा अखण्ड मध्यपश्चिमको माग शीर्षकको समाचारलाई पहिलो पृष्ठमा तेस्रो समाचार बनाएको थियो। लोकमञ्च दैनिकले पहिलो पृष्ठमा क्याप्सनसहित पाँच कोलमको तस्बिर हालेको थियो। अन्य पत्रिकाहरुमा भने उक्त दिनको आन्दोलनको समाचारले स्थान पाएनन्। यसरी हेर्दा सुर्खेत आन्दोलनको आधारको रुपमा रहेको २२ गतेको आन्दोलनलाई साझा बिसौनी दैनिकबाहेक अरु पत्रिकाहरुले खासै महत्व दिएको पाइँदैन। अन्य पत्रिकाले आन्दोलनबारे थाहा नपाएर हो अथवा आवश्यक नठानेर हो यथोचित स्थान दिएनन्।

साउन २३ गते झुप्रा बृहत खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको निर्वाचन भएकोले सडकमा आन्दोलन देखिएन। तर, सोही दिन केन्द्र (राजधानी काठमाडौं)मा प्रमुख राजनीतिक दहरुले सीमांकनसहितको ६ प्रदेशमा सहमति गरे। अघिल्लो दिनै अखण्ड मध्यपश्चिमको नारा उठिसकेको सन्दर्भमा राजनीतिक दलको सहमतिबाट मध्यपश्चिम टुक्रियो। मध्यपश्चिमका बाँके, बर्दिया, दाङ, रोल्पा, रुकुम, प्यूठान पाँच नम्बर प्रदेशमा र बाँकी जिल्लाहरु सुदूरपश्चिमसहितको ६ नम्बर प्रदेशमा गाभिए। केन्द्रमा भएको उक्त सहमतिको समाचारलाई अधिकांश पत्रिकाले सामान्य जानकारी दिनेगरी प्रकाशित गरेका थिए। युग आह्वान दैनिक, काँक्रेबिहार दैनिक र हाम्रो नयाँ नेपाल दैनिकले सहमतिको कुरालाई सरल ढंगले पाठकसामु पुऱ्याएका छन्। युग आह्वानले ‘सीमांकनसहित ६ प्रदेशमा सहमति’, हाम्रो नयाँ नेपालले ‘यस्तो बन्यो प्रदेशमा सहमति’ र काँक्रेबिहारले ‘सीमांकनसहित ६ प्रदेशमा सहमति’ शीर्षकमा समाचार पस्किएर औपचारिकता निर्बाह गरेका छन्। यी समाचार हेर्दा काठमाडौंका कुनै अनलाइनको सहारा लिएको देखिन्छ। सुर्खेतपत्र र हाम्रो अखबारले भने सोही विषयलाई अखण्ड मध्यपश्चिमको भावना बोकेर हिँडेका पाठकलाई झस्काउने गरी समाचार प्रस्तुत गरेका थिए। दुइटै पत्रिकाको शीर्षक एउटै छ– ‘टुक्रियो मध्यपश्चिम’। यी पाँचवटै पत्रिकाले यो समाचारलाई तेस्रो प्राथमिकता दिएका थिए। प्रायः सबै पत्रिकाले झुप्रा बृहत खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको चुनावसम्बन्धी समाचारलाई प्रमुख स्थान दिएका थिए। पहिलो दिनै आन्दोलनको समाचारलाई बढी महत्व दिएको साझा बिसौनी दैनिकले भने सीमांकनसम्बन्धी समाचारलाई पनि थप उत्तेजना फैलाउने गरी प्रकाशित गरेको छ। ‘टुक्रियो मध्यपश्चिम भेरी र कर्णाली आक्रोशित" शीर्षकमा उक्त पत्रिकाले पाँच कोलमको प्रमुख समाचार बनाएको थियो। पत्रिकाले सीमांकनसम्बन्धी सूचनालाई राजधानीबाट प्रकाशित हुने कुनै अनलाइनको सहारा लिए पनि भेरी र कर्णाली आक्रोशित भएको कुरालाई भने फेसबुकमा व्यक्त धारणालाई आधार मानेको देखिन्छ। त्यसैगरी, अखण्ड मध्यपश्चिम संघर्ष समितिका संयोजक रहेका उपप्राध्यापक तेजविक्रम बस्नेतलाई सम्पर्क गरी सीमांकनविरुद्ध अभिव्यक्ति बोल्न लगाइएको छ। आन्दोलनका थप चरणवद्ध कार्यक्रम सञ्चालन गर्ने उनको भनाइ राखेर पत्रिकाले आन्दोलनको माहोल सिर्जना गर्ने उद्देश्य राखेको देखिन्छ।

साउन २४ गते सीमांकनविरुद्ध सुर्खेतवासी सडकमा उत्रिएका थिए। भोलिपल्ट प्रकाशित पत्रिकाहरुले पनि प्रमुखताका साथ समाचार प्रकाशित गरेका थिए। साझा बिसौनी र सुर्खेतपत्रले ब्यानर समाचार बनाएर सीमांकनविरुद्धको आन्दोलनलाई उच्च प्राथमिकता दिएका थिए। सुर्खेतपत्रले ‘मध्यपश्चिमवासीलाई जे डर थियो, त्यही भयो’ भन्ने शीर्षकको समाचारमा मध्यपश्चिमवासी आक्रोशित भएको र प्रादेशिक केन्द्र सुर्खेतमै राख्नुपर्ने माग राखेको कुरालाई जोडदार रुपमा उठाएको थियो। पत्रिकाले अखण्ड मध्यपश्चिम आन्दोलनको र्‍याली र सभासद खड्कबहादुर बस्यालले आन्दोलनकारीलाई सम्बोधन गर्दै गरेको दुईवटा तस्बिर प्रकाशित गरेको थियो। साझा बिसौनीले भने ‘अखण्ड मध्यपश्चिमको आन्दोलन उर्लियो’ शीर्षकमा ब्यानर समाचार प्रकाशित गरेको थियो। पहिलो पृष्ठमै ‘माग्ने अखण्ड, किन टुक्रिएको ?’ शीर्षकमा टिप्पणी लेख्दै अखण्ड मध्यपश्चिमको आन्दोलनमा लाग्नुपर्नाको औचित्य प्रष्ट्याउने काम गरेको देखिन्छ। सोही दिनका अन्य पत्रिकाहरु हाम्रो

नयाँ नेपाल, हाम्रो अखबार, लोकमञ्चले आन्दोलनसम्बन्धी समाचारलाई प्रमुखता दिए, तर ब्यानर भने बनाएनन् । यी समाचारहरु केलाउँदा के देखिन्छ भने सीमांकनप्रति असहमति जाहेर गर्दै भएको आन्दोलनलाई स्थानीय सबै दैनिक पत्रिकाहरुले समाचार मार्फत सहयोग गरेका थिए । अझ केही दैनिकले त अत्यधिक महत्व दिई आन्दोलनकारीलाई उर्जा–उत्साह थप्ने काम गरे । यसले आन्दोलनलाई अझ बढी टेवा पुऱ्याएको देखिन्छ ।

सोही क्रममा साउन २५ गते आन्दोलन हिंसात्मक भयो । तीनजना आन्दोलनकारीको मृत्यु भयो । कयौं आन्दोलनकारी र सुरक्षाकर्मी घाइते भए । एकजना पत्रकार आइसिंह रोकाया प्रहरीको गोली लागेर घाइते भए । सो दिनको घटनाक्रमलाई सबै पत्रिकाहरुले ब्यानर समाचारसहित उच्च प्राथमिकता दिए पनि समाचार पस्किने शैली र 'एङ्गल' भने फरक–फरक देखियो । 'तीनजनाको मृत्यु' भएको कुरालाई काँक्रेबिहारले मात्र मुख्य शीर्षक बनाएर प्रकाशित गरेको थियो भने अन्य पत्रिकाहरुले 'मृत्यु'को खबरलाई सहायक बनाएर आन्दोलनको भव्यतालाई नै प्रमुखता दिएका थिए । साझा बिसौनीले "अखण्ड आन्दोलनमा प्रहरीको चरम ज्यादती कर्फ्यु पनि रोकिएन प्रदर्शन" भन्ने शीर्षकमा ब्यानर समाचार बनाएको थियो । बुँदागत रुपमा 'तीनजनाको मृत्यु, दर्जनौं घाइते, सकारी कार्यालय तोडफोड, पार्टी कार्यालयमा आगजनी, घुसपैठ भयो संघर्ष समिति" भन्ने खबरलाई प्रकाशित गरेको थियो । पत्रिकाले घाइतेलाई बोकेर अस्पताल लैजाँदै गरेको र आन्दोलनकारीले र्‍याली निकालेको तस्बिर पनि प्रकाशित गरेको थियो । युग आह्वान दैनिकले फरक ढंगले समाचार प्रकाशित गरेको थियो । "डिआइजीले गोली ठोक्दा तनाब हजारौं नागरिक सडकमा, झुक्दै प्रशासन" शीर्षकमा समाचार प्रकाशित गरेको थियो । तीन जनाको मृत्युको खबरलाई उसले समाचारमा उल्लेख गरे पनि शीर्षक वा उपशीर्षकमा राखेको देखिएन । बरु प्रहरीसहित १५ घाइते भएको कुरालाई "हाइलाइट" गऱ्यो । लोकमञ्च दैनिकले पनि सोही शैलीमा समाचार पस्किएको थियो । दुईटै पत्रिकाको समाचार कभरेज करिब उस्तै (पाँच कोलम) थियो । हाम्रो नयाँ नेपालले ब्यानर समाचारमा "अवैज्ञानिक सीमांकनले सुर्खेतमा तनाव" शीर्षक दिएर 'पूर्वगृहमन्त्रीको घर बचाउन प्रहरीले सर्वसाधारणको ज्यान लियो" भन्ने कुरालाई प्रमुखताका साथ उठाएको थियो । हाम्रो अखबारले "आन्दोलनमा प्रहरीको गोली" शीर्षकमा ब्यानर समाचार प्रकाशित गरेको थियो । उसले आन्दोलनमा दुईको मृत्यु भएको उल्लेख गरेको थियो । र, मृतक व्यक्तिको छोराले आफ्नो बाबुको लाशलाई प्रहरीको निशाना छेक्दै गरेको तस्बिर प्रकाशित गरेको थियो । सुर्खेतपत्रले भने 'अखण्ड मध्यपश्चिमको आन्दोलन हिंसात्मक' भन्ने मुख्य शीर्षक दिएर ब्यानर समाचार प्रकाशित गरेको थियो । उक्त दिन प्रकाशित समाचारका विषयबस्तु र प्रस्तुती केलाउँदा पत्रिकाको भूमिका द्वन्द्वलाई बढवा दिनेतिर प्रेरित भएको देखिन्छ । "आन्दोलन हिंसात्मक भयो, शान्तिपूर्ण बनाउ" भन्ने दवावमूलक सन्देश दिनबाट पत्रिकाहरु चुकेका देखिए । साथै आन्दोलन हिंसात्मक कसरी भयो ? यसमा कसको के स्वार्थ लुकेको छ ? यसलाई कसरी शान्तिपूर्ण बनाउन सकिन्छ ? भन्नेतिर पत्रिकाले गहन रुपमा खोतलेको पाइएन । बरु केही पत्रिकाले प्रहरीप्रति झन् आक्रोश थपिने गरी समाचार सम्प्रेशण गरेका थिए । व्यक्तिको मृत्यु भएको घटनालाई मुख्य शीर्षक नबनाउनु राम्रो पक्ष भए पनि आन्दोलनकारीले कर्फयु तोडेको, प्रहरी–प्रशासन झुकेको, डिआइजीले गोली ठोक्दा तनाव भएको, पूर्वगृहमन्त्रीको घर बचाउन प्रहरीले सर्वसाधारणको हत्या गरेकोजस्ता विषयलाई प्रमुखता दिएर उक्त दिनका पत्रिकाहरु द्वन्द्वलाई झन् बढवा दिन उद्दत भएका देखिन्छन् ।

तीन व्यक्तिको मृत्यपछि आन्दोलन थप चर्कियो।आन्दोलन नियन्त्रणबाहिर गयो । साउन २७ र २८ गतेको संस्करणमा अधिकांश पत्रिकाले यो जोखिमलाई आँकलन गरेको देखिन्छ । हाम्रो अखबारले 'बेलगाम बन्दै आन्दोलन' शीर्षकमा ब्यानर समाचार दिएर राजनीतिक दहरुलाई सचेत गराएको थियो । साझा बिसौनीले पनि सोही आशय झल्किने गरी 'नियन्त्रणबाहिर अखण्ड आन्दोलन' शीर्षकको ब्यानर समाचार प्रकाशित गरेको थियो । उसले दलहरुले नेतृत्व लिन सकेनन् भन्ने कुरालाई पनि औंल्याएको थियो । हाम्रो नयाँ नेपालले भने अखण्ड मध्यपश्चिम आन्दोलन नेतृत्वबिहीन भएको औंल्याउँदै 'प्रशासनको बढ्यो क्रुर दमन'लाई मुख्य शीर्षक दिएको थियो । हाम्रो नयाँ नेपालले साउन २८ को अंकमा समाचार विश्लेषण् लेख्दै 'बेलगाम आन्दोलनको नेतृत्व अब कसले गर्ने ?' भन्दै गंभीर प्रश्न उठाएको थियो । सुर्खेतपत्रले पनि हिंसाको चित्र उतारेको थियो । उसको साउन २७ को ब्यानर समाचारमा 'दोस्रो दिन पनि तनाबग्रस्त, फायरिङबाट दर्जनौं घाइते' उल्लेख थियो भने भोलिपल्ट साउन २८ गते 'तनाब नियन्त्रण गर्न दिनभर कर्फयु' शीर्षकमा ब्यानर समाचार प्रकाशित थियो । सुर्खेत पहिचानले 'सुर्खेत तनाबग्रस्त, आन्दोलन जारी' शीर्षकको ब्यानर समाचार बनाएर पूरा पृष्ठ आन्दोलनको गातिविधिमा खर्चेको थियो । युग आह्वानले 'सुर्खेत राजधानी नभए शव बुझ्दैनौं' शीर्षकमा ब्यानर समाचार प्रकाशित गरेर आन्दोलनप्रति भावनात्मक जनमत जुटाउन भूमिका खेलेको देखिन्छ । साउन २७ मा 'बढ्दै प्रहरी ज्यादती' शीर्षकमा मुख्य समाचार बनाएको काँक्रेबिहारले खड्का (सभासद एवं कांग्रेस सहमहामन्त्री पूर्णबहादुर खड्का)विरुद्ध नाराबाजी गरेको खबरलाई पनि शीर्ष स्थानमा राखेको थियो । साउन २८ को अंकमा साझा बिसौनी, हाम्रो अखबार, युग आह्वान, लोकमञ्चले कर्फयु तोडेर पनि आन्दोलन भएको विषयलाई निकै महत्व दिएका थिए । यसले आन्दोलनकारीलाई थप हौसला बढाउने र प्रहरी–प्रशासनलाई हतोत्साही गराउने काम गरेको सहजै अनुमान लगाउन सकिन्छ । यी सबै पत्रिकाको बिपरित सुर्खेत पहिचानले भने "आन्दोलन शान्तिपूर्ण बन्दै" शीर्षकमा प्रमुख समाचार बनाएको थियो । यी समाचार केलाउँदा पत्रिकाहरु हिंसा न्यूनिकरण गर्न अग्रसर देखिँदैनन् । बरु, आन्दोलनलाई झन् भयानक रुप दिनेतिर उनीहरुको कमल चलेको देखिन्छ । राजनीतिक दलहरुले शान्तिपूर्ण आन्दोलनको लागि संयुक्त प्रेस विज्ञपित प्रकाशित गरेका थिए । यी पत्रिकाहरुले उक्त विज्ञप्ति विज्ञापनको रुपमा छापे छापे पनि समाचार बनाएनन् । सोही दिनको संस्करणमा लोकमञ्च भने द्वन्द्व सुल्झाउनरित अग्रसर

भएको भान हुन्छ। लोकमञ्चले 'शान्तिपूर्ण आन्दोलनको विकल्प छैन : दलहरु' भन्ने शीर्षकमा मुख्य समाचार प्रकाशित गरेको थियो। उसले राजनीतिक दहरुको विज्ञप्तिलाई पनि पहिलो पृष्ठमै स्थान दिएको थियो। साथै लोकमञ्चले पृष्ठ ३ मा नेपाली कांग्रेसका सहमहामन्त्री पूर्णबहादुर खड्काको अन्तर्वार्ता प्रकाशित गर्दै सुर्खेत प्रदेशको राजधानी हुने कुरामा ढुक्क हुनुहोस् भन्ने सन्देशलाई प्रवाह गरेको थियो, जसले राजधानीको मुख्य माग गर्दै सडकमा उत्रिएका आन्दोलनकारीलाई केही आश्वस्त पार्न खोजेको देखिन्छ। उक्त दिनको समाचारमा लोकमञ्चले धेरै हदसम्म आन्दोलनलाई शान्तिपूर्ण 'ट्रयाक'मा हिँडाउन समाचारको माध्यमबाट काम गरेको पाउन सकिन्छ। साउन २८ को अंकमा काँक्रेबिहार दैनिकले भने फरक कोणबाट समाचार दिएको थियो। आन्दोलनको कारण जनजीवन कष्टकर बन्दै गरेको कुरालाई उसले प्रमुखताका साथ उठान गरेको थियो। उसले प्रेस विज्ञप्तिको आधारमा राजनीतिक दलहरुले आन्दोलनलाई शान्तिपूर्ण बनाउन आग्रह गरेको कुरालाई महत्वका साथ प्रकाशित गरेको थियो। साथै उसले 'यसरी बन्यो अखण्ड आन्दोलन अनियन्त्रित' शीर्षकमा बक्स समाचार प्रकाशित गरेको थियो।

आन्दोलन नियन्त्रणबाहिर गएको र हिंसात्मक हुने जोखिम बढेसँगै जिल्लास्थित सबै राजनीतिक दलहरुबीच यसको राजनीतिक नेतृत्व लिनुपर्छ भन्ने सहमति भयो। सोही अनुरुप साउन २८ गते बिहानैदेखि राजनीतिक दलहरुको झण्डामा जुलुस, र्याली भए। साउन २९ र ३० गतेका दैनिक पत्रिकाहरुमा यसको प्रभाव प्रष्टैसँग देखियो। सबै पत्रिकाहरुले मुख्य (अधिकांशले ब्यानरसहित) समाचार बनाएर आन्दोलनको नेतृत्व राजनीतिक दलहरुले लिएको उल्लेख गरेका थिए। आन्दोलनमा राजनीतिक दलहरुको सहभागिता, उनीहरुको स्वार्थ र मानसिकताकै वरिपरि रहेर समाचार बनाइएका थिए। राजनीतिक दलहरुले नेतृत्व लिए पनि उनीहरु विभाजित मानसिकतामा रहेको कुरा पनि पत्रिकाले समाचार बनाएका थिए । साझा बिसौनीले साउन २९ को अंकमा 'शान्तिपूर्ण बन्दै अखण्ड आन्दोलन, दलहरु विभाजित, छुट्टाछुट्टै प्रदर्शन' शीर्षकमा ब्यानर समाचार प्रकाशित गरेको थियो। साझा बिसौनीले दलहरु विभाजित भएको कुरालाई जोड दिनुमा एकजुट भएर आन्दोलन गर भन्न खोजेको देखिन्छ। हाम्रो नयाँ नेपालले पनि 'एउटै एजेण्डामा हस्ताक्षर गरेका दल विभक्त' शीर्षकको ब्यानर समाचार बनाएर दलहरुलाई 'विभाजित नहोउ' भनेर खबरदारी दिएको थियो। अन्य पत्रिकाहरुले भने दलहरुले नेतृत्व लिएको कुरालाईमात्र प्राथमिकता दिएका थिए। बरु सोही दिनको लोकमञ्चले पृष्ठ ३ मा कांग्रेस सहमहामन्त्री पूर्णबहादुर खड्काको अन्तरवार्ता प्रकाशित गरेको थियो। "अहिलेको समस्या समाधान गर्न मैले तीनवटा बिकल्प प्रस्तुत गरेको छु" शीर्षकको उक्त अन्तरवार्ताले आन्दोलनकारीलाई धेरै हदसम्म आश्वस्त पारेको प्रतित हुन्छ। समस्याको समाधान केन्द्रबाटमात्र संभव हुने र सुर्खेतबाट केन्द्रीय राजनीतिमा सबैभन्दा बढी प्रभाव पार्ने नेता खड्का हुनुले उनको कुराले धेरै हदसम्म आन्दोलनलाई प्रभाव पार्थ्यो, जुन महत्वलाई लोकमञ्चले बुझेको मान्न सकिन्छ। साउन ३० को अंकमा युग आह्वानले दलहरुको आत्मबल कमजोर हुनेगरी प्रमुख समाचार प्रकाशित गरेको थियो। 'विश्वास गुमाउँदै दल, पार्टीको भन्दा स्वतन्त्र आन्दोलनमा नागरिक धेरै' शीर्षकको समाचारले अनियन्त्रित र बेलगाम आन्दोलनकारीलाई हौसला गरेको सहजै बुझ्न सकिन्छ। साउन ३० को संस्करणमा पत्रिकाहरुले अखण्ड मध्यपश्चिमको आन्दोलन बिस्तारै अलग प्रदेशतिर मोडिएको कुरालाई प्रमुखताका साथ प्रकाशित गरेका थिए। राजनीतिक दल र आन्दोलनकारीबीच भएको सातौं प्रदेशको बहसलाई मिडियाले साझा एजेण्डा बनाउने काम गरे। र, त्यसपछिको आन्दोलन पनि नयाँ प्रदेश घोषणा र त्यसको राजधानी सुर्खेत हुनुपर्छ भन्नेमा केन्द्रित भयो।

साउन ३१ गतेका पत्रिकाहरु आन्दोलनमा मृत्यु भएका व्यक्तिका परिवारले गरेको पत्रकार सम्मेलनकै सेरोफेरोमा देखिन्छन्। उनीहरुले 'अखण्ड मध्यपश्चिम नभएसम्म शव नबुझ्ने' भनी लिएको अडान मुख्य समाचार बनाएका थिए। यसका साथै गोलीकाण्डमा संलग्न डिआइजी, प्रमुख जिल्ला अधिकारी र एसपीमाथि कारबाहीको माग गरेको कुरालाई पनि उनीहरुले प्रमुखताका साथ छापेका थिए। सोही दिनको अंकमा साझा बिसौनीले 'अखण्ड मध्यपश्चिम कि भेरी–कर्णाली प्रदेश ?' शीर्षकमा जनमत लिएको थियो। यही मुद्दा दिनभर बहसको विषय बनेको थियो। आन्दोलनकै क्रममा दलहरु अखण्ड मध्यपश्चिम र भेरी–कर्णालीसहितको छुट्टै प्रदेशमा विभाजित भए। विभाजित स्वरहरु साउन ३२ को अंकमा देख्न सकिन्थ्यो। हाम्रो अखबारले 'माग एउटै, आन्दोलन फरक' शीर्षकमा ब्यानर समाचार बनाएको थियो। उसले दलहरुमात्र होइन, एमाले पार्टी नै विभाजित भएको तथ्य बाहिर ल्याएको थियो। काँक्रेबिहारले पनि सोही आशयको समाचार प्रकाशित गरेको थियो। 'सातौं प्रदेश वा अखण्ड मध्यपश्चिममा विवाद' शीर्षकको समाचारले मुख्य मागमा दलहरु अलमलमा परेको देखाउँथ्यो। हाम्रो नयाँ नेपाल, साझा बिसौनी, युग आह्वान र सुर्खेतपत्रले अखण्ड मध्यपश्चिमको मागलाई सहयोग पुग्नेगरी समाचार दिएका थिए। सुर्खेतपत्रले 'सर्वसाधारण पनि अखण्ड मध्यपश्चिमको पक्षमा' शीर्षकको समाचार बनाएको थियो। पृष्ठ ३ मा सुर्खेत क्षेत्र नं. २ का सभासद हृदयराम थानीको अन्तरवार्ता छाप्यो, जसको शीर्षक थियो, 'सिंगो मध्यपश्चिम र प्रादेशिक राजधानी सुर्खेतमा कुनै सम्झौता हुनुहुँदैन– थानी'। साझा बिसौनीले अखण्ड छोडेपछि दलहरु एक्लिँदै शीर्षकको समाचार बनाएर अखण्ड मध्यपश्चिमको मुद्दामा आउन दबाब दिएको थियो भने हाम्रो नयाँ नेपालले 'सडकबाट मध्यपश्चिमलाई छुट्टै प्रदेश घोषणा' शीर्षकको समाचार प्रकाशित गरेर अखण्ड मध्यपश्चिमलाई स्थापित गराउन खोजेको आशय देखाएको थियो।

साउन ३२ गते आन्दोलनमा मृत्यु भएको व्यक्तिको शव आफन्तले बुझेपछि भदौ १ गतेका अंकमा सोही समाचार प्रमुख बनेका थिए। समाचारको प्रस्तुती भने फरक–फरक थियो। कतिपय पत्रिकाले शव अन्त्येष्टि गरिएको विषयलाई अतिरञ्जित हुने गरी शीर्षक बनाएको थियो। हाम्रो नयाँ नेपालले पढ्दा नै असहज लाग्नेगरी 'जले सीमांकनको असहमतिमा ढलेका शरीरहरु' शीर्षकमा ब्यानर समाचार बनाएको थियो।

सुर्खेत पहिचानले ‘मृतकको सामूहिक दाहसंस्कार’ शीर्षकमा ब्यानर समाचार प्रकाशित गरेको थियो। साझा बिसौनीले ‘आफन्त गुमायौं, मध्यपश्चिम गुम्न दिन्नौं’ शीर्षकको समाचार बनाएर शवदाहस्थलबाटै अखण्ड मध्यपश्चिम आन्दोलनलाई बल पुग्नेगरी समाचार प्रेशित गरेको थियो। युग आह्वानले पनि सोही आशयको समाचार प्रकाशित गरेको थियो। तुलनात्मक रुपमा हाम्रो अखबारले आन्दोलनलाई केही हदसम्म न्यूनिकरण गर्ने प्रयास गरेको थियो। ‘बन्दले जनजीवन प्रभावित’ शीर्षकमा मुख्य समाचार छापेको उसले ‘आठ दिनपछि पीडितले शव बुझे’ भन्ने विषयलाई सामान्य ढंगले प्रस्तुत गरेको थियो।

भदौ २ देखि ४ गते बीचका पत्रिकाहरु आन्दोलनमै बढी केन्द्रित भएका थिए। राजनीतिक दलहरु ‘ब्याक’ भएको अवस्थामा सरकारी कर्मचारी, नागरिक समाजका सदस्य, सामाजिक संघसंस्था आदिले विभिन्न स्वरुप र शैलीमा गरेको आन्दोलनलाई प्रमुखताका साथ प्रकाशित गरेका थिए। आन्दोलनकारीले शीर्ष नेताको शब बनाएर बजार परिक्रमा गरेको र पुत्ला दहन गरेको घटनालाई ब्यानर समाचार नै बनाएको पाइयो। सुर्खेत पहिचानले ‘आन्दोलनकारी शीर्ष नेताको मलामी’ शीर्षकमा तस्बिरसहित ब्यानर समाचार बनाएको थियो। साझा बिसौनीले सुर्खेतमा आन्दोलनको नयाँ शैली भन्दै ‘यसरी घुमाइयो शीर्ष नेतालाई’ ब्यानर समाचार छापेको थियो। त्यसैगरी आन्दोलकारीले आफैं प्रदेश घोषणा गरेको, प्रदेशको साइनबोर्ड झुण्ड्याएको आदि विषयलाई पनि प्रमुखता दिएका थिए। दैनिक पत्रिकाहरुका ब्यानर समाचारले जोकोहीलाई पनि आन्दोलनमा सहभागी हुन प्रेरित गर्थ्यो। युग आह्वान दैनिकले भदौ ३ को अंकमा ‘हामीलाई मध्यपश्चिम चाहिन्छ, डोटी जाँदैनौं’ शीर्षकको मुख्य समाचार प्रकाशित गरेको थियो। यस्तो समाचारले सुर्खेतलाई राजधानी बनाउनको लागि पनि आन्दोलनमा सरिक हुनुपर्छ भन्ने जनधारणा बलियो बनाएको आँकलन गर्न सकिन्छ । सोही दिनको सुर्खेत पहिचानले भंगेरी टाउके आकारमा ‘सरकार अन्धो छ’ भन्ने शीर्षकमा ब्यानर समाचार छापेको थियो, जसले सरकारप्रति जनताको वितृष्णा जगाउँथ्यो। सरकारी कर्मचारीले काम छोडेर आन्दोलनमा आएकोदेखि महिला, शिक्षक, प्राध्यापक आन्दोलनमा समाहित भएको विषयलाई बढाईचढाई गरेर प्रमुख समाचार बनाइए। हाम्रो नयाँ नेपालले भदौ २ गतेको अंकमा ‘सरकारी कर्मचारी र शिक्षक कामकाज छोडेर सडकमा’ शीर्षकमा ब्यानर समाचार छाप्यो भने हाम्रो अखबारले ‘निशेधाज्ञा तोडेर प्रदर्शन’ शीर्षकमा मुख्य समाचार छापेको थियो। आन्दोलन फेरि नियन्त्रणबाहिर गएको र आन्दोलनकारीले नयाँ शैली दिने नाउँमा गरेका हर्कतलाई केही पत्रिकाले समाचारमार्फत आलोचना गरेका थिए। साझा बिसौनीले भदौ ४ को अंकमा ‘अराजक बन्दै सुर्खेत आन्दोलन’ शीर्षकमा ब्यानर समाचार बनाएर आन्दोलनकारीलाई संयम बन्न दवाव दिएको थियो। हाम्रो अखबारले ‘दलको सभामा आक्रमण’ शीर्षकको समाचारलाई प्रमुख बनाएको थियो। यी तीन दिनका समाचार केलाउँदा पत्रिकाहरुले आन्दोलनमा आउन सर्वसाधारणलाई प्रेरित गर्ने, नयाँ शैलीको नाममा आन्दोलनमा गरिएका गलत कार्यलाई प्रोत्साहन गरेर उत्साहित गरेका देखिन्छ। आन्दोलनको क्रममा तोडफोड गरिएको कामलाई भने निन्दनीय हुनेगरी समाचार सम्प्रेशण गरेको पाइएन।

प्रमुख दलबीच कर्णालीका पाँच, भेरीका सुर्खेत, दैलेख, जाजरकोट तथा राप्तीका सल्यान र रुकुम (आधा) जिल्ला गाभेर अलग प्रदेश बनाउने सहमति भएपछि सुर्खेत आन्दोलन पनि विश्रामतिर लागेको थियो । पत्रिकाहरुले समाचार पनि आन्दोलनकारीले जितेको सन्देश दिनेगरी प्रस्तुत गरेका थिए। भदौ ५ गते साझा बिसौनी दैनिकले ‘झुके शीर्ष नेता, बधाइ जनता’ शीर्षकमा पहिलो पृष्ठ खर्चेको थियो। भदौ ६ मा भने ‘सुर्खेत आन्दोलनका डिजाइनर’ शीर्षकको ब्यानर समाचार प्रकाशित गरेको थियो, जसले आन्दोलनमा दिलोज्यान दिएर लागेका अरु कयौंलाई बिजयोत्सवमा निराश बनाएको थियो। हाम्रो अखबारले ‘सुर्खेत राजधानी निश्चित शीर्षकमा समाचार छापेर आन्दोलनकारीलाई उत्साही बनाउने प्रयास गरेको थियो। साथै उसले दलको विजय र्याली निस्किएको समाचारलाई प्राथमिकताका साथ प्रकाशित गरेको थियो। युग आह्वान, लोकमञ्च, सुर्खेत पहिचानले पनि नयाँ प्रदेशको खुसियालीसम्बन्धी समाचार प्रकाशित गरेका थिए। यद्यपि, केही पत्रिकाले सर्वसाधारणलाई अन्यौल हुने खालको शीर्षक दिएर समाचार दिएका थिए। सुर्खेतपत्रले ‘अन्ततः मध्यपश्चिम छुट्टै प्रदेश’ शीर्षकमा पहिलो पृष्ठ पुरै सोही विषयमा समाचार प्रकाशित गरेको थियो। मध्यपश्चिमका दाङ, रुकुम (आधा), रोल्पा, प्यूठान, बाँके र बर्दिया अलग प्रदेशमा रहेको अवस्थामा यो शीर्षकले भ्रम सिर्जना  गरेको थियो। भदौ ६ गतेको अंकमा हाम्रो नयाँ नेपालले पढ्दा अस्वाभाविक लाग्ने शीर्षकमा समाचार छापेको थियो। ‘प्रचण्ड, केपी, सुशील दाइ, भेरी–कर्णाली प्रदेश हाई–हाई’ शीर्षकमा ब्यानर समाचार प्रकाशित गरेको थियो। यसले एकातिर प्रदेशका नाम नै जुराएको थियो भने अर्कोतिर सडकमा देखिएको जनताको भावना (आवाज)लाई जस्ताको तस्तै प्रकाशित गरेर संवेदनहीनता गुमाएको आभास मिल्थ्यो।

दैनिक पत्रिकाहरुमा सुर्खेत आन्दोलनसम्बन्धी प्रकाशित समाचार सामग्री केलाउँदा मुख्यतया पत्रकार र उनीसम्वद्ध पत्रिका भावनामा बगेका देखिन्छन्। उनीहहरुले आफूलाई स्वयं आन्दोलनकारीको कोटीमा राखेका छन्। आन्दोलनसम्बन्धी समाचारलाई आवश्यकताभन्दा बढी बढाइचढाई गरेको स्पष्ट देख्न सकिन्छ। आन्दोलनसम्बन्धी समाचारलाई आवश्यकताभन्दा बढी बढाइचढाई गरेर उत्तेजना फैलाउने काम भएको थियो। सञ्चारकर्मीहरुमा पेशागत दक्षता, अनुभव र मर्यादाको पनि कमी देखियो। अर्को उल्लेखनीय पक्ष समाचारहरु भय र त्रासको बीचमा लेखेको पाइयो। स्वतन्त्र र निर्धक्कसँग समाचार लेख्न नसक्दा समाचारमा समेत आन्दोलनकै भावना बग्यो। आन्दोलन अवधिमा अर्को महत्वपूर्ण पक्ष जनताले पाएको सास्तीबारे समाचार नै लेखिएन। एक-दुई पत्रिकाले नगण्य मात्रामा जनताले पाएको सास्ती र पीडाबारे लेखेका

थिए। यो अवधिमा पत्रिकामा आन्दोलनको कारण जनजीवनमा परेको नकारात्मक प्रभावलाई प्राथमिकता दिएको देखिएन। पत्रकारहरुमा प्रशिक्षण, अभिमुखीकरण, द्वन्द्व संवेदनशील पत्रकारिताबारे तालिम–प्रशिक्षणको आवश्यकता खड्किएको देखिन्छ।

**रेडियो र टेलिभिजनका भूमिका**

अध्ययनको क्रममा सुर्खेतस्थित दुईवटा एफएम (रेडियो सुर्खेत एफएम र जागरण एफएम)लाई नमूनाको रुपमा अध्ययन गरियो। यी एफएमका साँझको प्रमुख समाचार बुलेटिन सुन्दा यसले सुर्खेत आन्दोलनलाई निकै मलजल गरेको स्पष्ट रुपमा देखिन्छ।

**जागरण एफएम**

जागरण एफएमले साउन २२ गते भएको सामान्य विरोध कार्यक्रमलाई निकै महत्वका समाचार प्रशारण गरेको थियो। भेरी–कर्णालीलाई सुदूरपश्चिममा गाभ्नु निकै आपत्तिजनक भएको कुरा समाचार बनाएको थियो। सोही दिनको समाचार बुलेटिनमा आन्दोलनका संयोजक तेजविक्रम बस्नेतको भनाइलाई स्थान दिएर 'सशक्त आन्दोलन गर्ने' उद्घोषण गरिएको थियो। समाचारमा सभासदहरुको आलोचना गरिएको र सुर्खेतीहरु सडकमा उत्रिने भनेर प्रचार गरिएको थियो। साउन २४ को समाचार बुलेटिन अझ उत्तेजना फैलाउने थियो। पत्रकार दीपेन्द्र वलीले तयार पारेको स्थलगत रेडियो रिपोर्टमा नारा जुलुशको होहल्ला निकै प्रष्टसँग सुनिन्थ्यो। जनसागर नै उर्लिएको भनेर प्रचार गरिएको थियो। 'मध्यपश्चिम फिर्ता ले, शीर्ष नेता होसियार' भन्ने आन्दोलनकारीको नारा रेडियोबाट प्रशारण भएको थियो। समाचार बुलेटिनमै संयोजक बस्नेतसँग कुराकानी गरेर आन्दोलनको औचित्य र आवश्यकतालाई प्रष्ट पारिएको थियो। एमाले पोलिटब्युरो सदस्य यामलाल कँडेल, राप्रपाका जिल्ला अध्यक्ष कविराम पुरी र महिला अधिकारवादी नन्दा श्रेष्ठको भनाइलाई उचित स्थान दिइएको थियो। साउन २५ गतेको समाचार बुलेटिन सुन्दा नै मनमा त्रास उब्जिने खालको थियो। उक्त दिन भएको हिंसात्मक आन्दोलनमा तीनजनाको मृत्यु भएको थियो। एफएमले भने दुईजनाको मात्र मृत्यु भएको भनेर प्रशारण गरेको थियो। आन्दोलनकारीले सरकारी कार्यालय र पार्टी कार्यालय 'ध्वस्त पारेका', प्रमुख जिल्ला अधिकारीसमेत झ्याल बन्द गरेर बचेका, आन्दोलन कसले हाँकेको हो थाहा छैन भन्ने आशयको समाचार प्रशारण गरिएको थियो। साथै दिउँसो १ बजेदेखि राति ९ बजेसम्म कर्फयु लगाइएको कुरालाई पनि प्राथमिकताका साथ प्रशारण गरेको पाइयो। साउन २६ गतेको समाचार बुलेटिन निकै त्रासदीपूर्ण थियो। करिब २० हजारको संख्यामा आन्दोलनकारी सडकमा आएका र आन्दोलन थप उग्र बनेको भनेर प्रमुख समाचार बनाइएको थियो। स्थलगत रिपोर्टमा नाराजुलुशमात्र मात्र होइन, गोली हानेको आवाज पनि प्रष्ट सुन्न सकिन्थ्यो। रेडियोमै 'गोली ठोक्नेलाई फाँसी दे, पूर्णे (सभासद पूर्णबहादुर खड्का) चोर देश छोड' जस्ता नारा जस्ताको तस्तै प्रशारण गरिएको थियो। सोही बुलेटिनमा सहायक प्रमुख जिल्ला अधिकारी हितप्रसाद पौडेलले अघिल्लो दिनको गोलीकाण्डबारे 'प्रशासनले गोली हान्ने आदेश नदिएको, यस्तो कसरी भयो' भनेर अनभिज्ञता व्यक्त गरेका थिए। साउन २७ गतेको बुलेटिनमा भने आन्दोलन केही शान्तिपूर्ण भएको बताइएको थियो। उदिराम डाँगी, प्रचण्ड पोखरेल र कविराम पुरीले आन्दोलनको मोर्चा सम्हालेपछि आन्दोलन शान्तिपूर्ण भएको सन्देश दिन खोजिएको देखिन्छ। साथै एमाले अध्यक्ष केपी शर्मा ओलीले 'दमकल लिएर गाउँ जान सभासदलाई निर्देशन' दिएको कुराले प्राथमिकता पाएको थियो। साउन २८ गते पनि आन्दोलन शान्तिपूर्ण बन्दै भन्ने कुरालाई प्रमुखता दिइएको थियो। यद्यपि, दलका आन्दोलन फरक–फरक भएर जनता अन्यौलमा परेको पनि बताइएको छ। बुलेटिनमा पत्रकार दीपेन्द्र वलीले रिपोर्ट प्रस्तुत गर्दै आन्दोलनको मूलमुद्दा नै के हो भन्ने अन्योलता भएको बताएका थिए। एमालेले अखण्ड मध्यपश्चिम, कांग्रेसले मध्यपश्चिम एक प्रदेश र एमाओवादीले भेरी–कर्णाली राज्यको कुरालाई जोड दिएको बताइएको थियो। कांग्रेस कार्यबाहक सभापति उपेन्द्र थापा, एमाले अध्यक्ष ध्रुवकुमार शाही, एमाओवादी अध्यक्ष नरबहादुर बिष्टको भनाइ समेटिएको थियो। साउन २९ गतेको बुलेटिनमा मृतकका आफन्तले गरेको पत्रकार सम्मेलनको समाचार प्रमुख बनाइएको थियो। 'डिआइजीले ताकेर गोली हानेको', '१० लाखको जीवन पाइन्छ ?' भन्दै कारबाहीको माग गरेको तथा उनीहरुको हृदयविधारक आवाजलाई जस्ताको तस्तै प्रशारण गरिएको थियो। सोही बुलेटिनमा एउटा साहित्यिक कार्यक्रममा व्यक्त 'नेताहरुलाई भुस्याहा कुकुरको संज्ञा दिँदै उनीहरुलाई मार न' भनिएको कुरा पनि प्रशारण गरिएको थियो। साउन ३०, ३१ र ३२ गतेका समाचार आन्दोलनप्रधान नै थिए। सरकारी कर्मचारी, शिक्षक, विद्यार्थीसमेत आन्दोलनमा उत्रिएको उल्लेख गरिएको थियो। भदौ १ गते भने आन्दोलनलाई झन् अराजक बनाउने सामग्री प्रशारण गरिएको थियो। जनस्तरबाट प्रदेश घोषणा गरिएको, सरकारी कार्यालयमा बोर्ड राख्न सुरु गरिएको जस्ता सामग्री समाचार बनेका थिए। भदौ २ गते भने लामो आन्दोलनको कारण यातायात क्षेत्रमा बढ्दो कालोबजारी प्रमुख समाचार बनाइएको थियो। दीपेन्द्र वलीले तयार गरेको उक्त रिपोर्ट तारिफ गर्नलायक छ। भदौ ३ गते नमूना प्रदेशसभा बैठक बसेको, जसको अध्यक्षता चिन्तामणि शर्माले गरेको उल्लेख छ। प्रदेशसभामा प्रचण्ड पोख्रेललाई मुख्यमन्त्रीको रुपमा राखिएको थियो। भदौ ४ गतेको बुलेटिनमा राजनीतिक दलहरुबीच सात प्रदेश बनाउने भनि भएको सहमति प्रमुख समाचार बनाइएको थियो। साथै आन्दोलनले जनजीवन ठप्प भएको, किसानले दूध वितरण गर्न नपाएको, विद्यालय बन्द हुँदा विद्यार्थी मर्कामा परेको उल्लेख छ। भदौ ५ गते सातौं प्रदेश निर्माणको निर्णयलाई स्वागत गरिएको विषय प्रमुख बनेको थियो। 'शीर्ष नेता होसियार भन्नेहरु शीर्ष नेता धन्यवाद' भन्दै जुलुशमा सहभागी भएको कुरा समाचारमा उल्लेख थियो।

**रेडियो सुर्खेत**

रेडियो सुर्खेत एफएमले पनि २४ गते सुरु भएको आन्दोलनसम्बन्धी समाचारलाई प्रमुख बनाएको थियो। रेडियोबाट नारा जुलुश भएको कुरा प्रशारण गरिएको थियो। साउन २५ गते दिउँसो भएको मृत्युको घटनालाई कम महत्व दिएर आन्दोलनलाई चर्काउन भन्दा पनि आन्दोलनलाई शान्त पार्ने खालका समाचार प्रशारण गरिएको थियो। एमाओवादी अध्यक्ष पुष्पकमल दाहालले यो आन्दोलन अन्तिम नभएको र कांग्रेस महामन्त्री कृष्णप्रसाद सिटौलाद्धारा विवाद नगर्न आह्वान गरिएको कुरालाई प्रमुख समाचार बनाइएको थियो। साथै सुर्खेत क्षेत्र नं. ३ का सभासद एवं कांग्रेस सहमहामन्त्री पूर्णबहादुर खड्कासँग टेलिफोन कुराकानी गरिएको थियो। उनले सुर्खेतमा राजधानी हुनेमा कुनै शंका नगर्न आश्वस्त पारको कुरालाई प्रशारण गरिएको थियो। साउन २६ गते यो एफएम नराम्ररी चुकेको देखिन्छ। आन्दोलनमा 'थप दुई जनाको मृत्यु' भनेर समाचार प्रशारण गरिएको थियो, जो सत्य थिएन। यद्यपि, समाचार बुलेटिनमा एमाओवादी अध्यक्ष नरबहादुर बिष्ट, कांग्रेस कोषाध्यक्ष गोविन्द कोइराला र एमाले उपाध्यक्ष अमृत बिसीसँग कुराकानी गरेर आन्दोलनलाई शान्तिपूर्ण बनाउन आह्वान गरेको र यसको लागि लागिपरेको सन्देश प्रशारण गरिएको थियो।

साउन २७ गते हिंसालाई बढवा दिने समाचार प्रशारण गरिएको थियो। समाचारमा हजारौंले नाराजुलुश गरिरहेको र मृतकका परिवार पनि आन्दोलनमा सहभागी भएको प्राथमिकताका साथ उल्लेख थियो। साथै कांग्रेस सहमहामन्त्री पूर्णबहादुर खड्कासँग अन्तर्वार्ता लगेर उनीमाथि लागेका आरोप खण्डन गर्ने मौका दिइएको थियो। साउन २८ गतेको बुलेटिनमा दलहरुले आन्दोलनको नेतृत्व लिएको समाचार बनाइएको थियो। हजारौं नागरिक शान्तिपूर्ण आन्दोलनमा सडकमा उत्रिएको भनिएको छ। पत्रकार मनोज जिसीले सोही जुलुशको आवाजलाई रेकर्ड गरेर बनाएको रिपोर्ट प्रशारण गरिएको थियो। साथै रिपोर्टिङको लागि पिपलचौतारा पुगेका रेडियो सुर्खेतका पत्रकार दिनेश खत्रीलाई प्रदर्शनकारीले प्रहार गरेको ढुङ्गा लागेर छातीमा चोट लागेको बताइएको थियो। साउन २९ र ३० गतेको बुलेटिनमा अखण्ड मध्यपश्चिम आन्दोलन शान्तिपूर्ण बन्दै गएको र मध्य तथा सुदूरपश्चिमका विभिन्न जिल्लामा बिरोध प्रर्दशन रहेको प्रशारण गरिएको थियो। आन्दोलनको कारण जनजीवन कष्टपूर्ण भएको समाचारले पनि राम्रै स्थान पाएको थियो। सोही दिन मृतकका आफन्तले पत्रकार सम्मेलनमा बोलेको कुरा पनि बुलेटिनमा समेटिएको थियो। सुर्खेत प्रादेशिक राजधानी नभए दुई सय युवाले नेपाली नागरिकता त्याग्ने भनी गरेको घोषणालाई पनि बुलेटिनमा राम्रै स्थान दिइएको थियो। साउन ३१ र ३२ गते राजनीतिक दलहरु आन्दोलनमा विभाजित भएको र यसले जनतामा आशंका उब्जाएको कुरा प्रशारण गरिएको थियो। साथै प्रधानमन्त्री सुशील कोइरालाले माग पूरा गर्ने बाचा गर्दै आन्दोलन फिर्ता लिन आह्वान गरेको कुरालाई पनि समेटिएको थियो। यसले आन्दोलनलाई केही हदसम्म मत्थन गर्न मद्दत पुऱ्याएको देखिन्छ।

भदौ १ र २ गते नेताहरुको मानमर्दन हुनेगरी निकालिएको 'मूर्दा जुलुश' सम्बन्धी समाचारलाई प्राथमिकता दिइएको थियो। साथै आन्दोलनमा थप सहभागिता जुट्दै गरेको पनि बताइएको थियो। महिला, बालबालिका, शिक्षक, कर्मचारी संगठित भएर आन्दोलनमा लागेको उल्लेख गरिएको थियो। पत्रकार जगत भण्डारीले बनाएको रेडियो रिपोर्टमा नारा जुलुशको चर्को र कर्कश आवाज सुनिन्थ्यो। साउन ३ गते राजनीतिक दल र नागरिकको साझा आन्दोलन सुरु भएको र ढुंगामुढा गर्नेलाई प्रहरीले पक्राउ गरेको समाचार प्रशाण गरिएको थियो। साझा आन्दोलनको लागि नेपाल पत्रकार महासंघले सहजीकरण गरेको बताइएको थियो। भदौ ४ गते शीर्ष नेता सम्मिलित विशेष समिति बैठकले सात प्रदेश बनाउने निर्णय गरेको कुरालाई प्रमुख बनाइएको थियो। साथै विद्यालय शान्ति क्षेत्र घोषणा भइसकेकोले पठनपाठन सुरु गने आह्वान गरिएको समाचार प्रशारण गरिएको थियो। भदौ ५ गते नयाँ प्रदेशलाई स्वागत गर्दै शोभायात्रा निकालिएको खबर प्रशारण गरिएको थियो। दुई हप्तादेखिको आन्दोलन सकिएपछि जनजीवन सामान्यतिर गएको उल्लेख गरिएको थियो। कांग्रेस सहमहामन्त्री एवं सभासद पूर्णबहादुर खड्काले मध्यपश्चिमवासीले प्रारम्भिक सफलता प्राप्त गरेको भनी दिएको अभिव्यक्तिलाई बुलेटिनमा स्थान दिइएको थियो।

**स्थानीय केबुल सुनगाभा टेलिभिजन**

यो टेलिभिजनले आन्दोलनसम्बन्धी गतिविधि सेमिलाइभ (भिडियो खिचेर तुरुन्तै प्रशारण गर्ने) गरेको थियो। साउन २४ गते भएको आन्दोलनमा सडकमा उत्रिएका आन्दोलनकारीले गरेको नाराजुलुस जस्ताको तस्तै प्रशारण गरिएको थियो। 'शीर्ष नेता होसियार' भन्ने नारा लगाउँदै गरेका युवाहरुलाई देख्न सकिन्थ्यो। टेलिभिजनले १३ दिने आन्दोलनसम्बन्धी विशेष रिपोर्ट प्रस्तुत गर्दै आन्दोलनमा सहभागी सबैलाई हार्दिक बधाइसमेत दिएको थियो। उक्त आन्दोलनलाई 'न्यायाचित भन्दै' मृतकप्रति श्रद्धाञ्जली व्यक्त गरिएको थियो। साउन २५ गते तीन जनाको ज्यान जानेगरी भएको आन्दोलनका दृष्यहरु टेलिभिजनमा भयावह रुपमा प्रशारण भएका थिए। आन्दोलनकारीले पार्टी कार्यालय, सरकारी कार्यालय, सवारी साधन तोडफोड गरेकोदेखि दोहोरो झडपको दृष्य विनासम्पादन प्रशारण गरिएका थिए। प्रहरीले गोली चलाएको दृष्य र आवाज प्रष्टसँग देख्न सकिन्थ्यो। घरमा बसेर टेलिभिजन हेरिरहेकाहरुको मनमा यो दृष्य देखेपछि त्रासमात्र होइन, आन्दोलनमा सहभागी हुने जोश पनि उत्तिकै मात्रामा बढाएको सहजै अनुमान गर्न सकिन्छ। साउन २६ गते बालबालिकाहरु आन्दोलनमा सहभागी भएको दृष्य महत्वका साथ प्रशारण गरिएको थियो। उनीहरुले 'हत्यारालाई कारबाही गर' भन्ने नारा लगाइरहेका थिए। साउन २७ गते पनि यस्तैखाले दृष्य प्रशारण भएका थिए। टिभी क्यामेरा विशेषगरी झडपका हिंसात्मक दृष्यमै बढी केन्द्रित देखिएका थिए। प्रहरीले गोली हानेको, आन्दोलनकारी र प्रहरी भागाभाग

गरेको दृष्य महत्वका साथ प्रशारण गरिएका थिए। साउन २८ गते राजनीतिक दलहरुले आन्दोलनको नेतृत्व लिएको खबर प्रशारण भए। तर, शान्तिपूर्ण रुपमा संयम भएर गरिएको उक्त आन्दोलनले त्यति धेरै कभरेज पाउन सकेको देखिएन। बरु मृतकको फोटोसहितका प्लेकार्ड बोकेका किशोर–किशोरी र युवा–युवतीको अराजक भिडतिरै टेलिभिजनका क्यामेरा बढी तेर्सिए। सडकमा टायर बालेका, आन्दोलनकारीले आक्रमण गरेका दृष्य बढी देखिएका थिए। बालबालिकाहरुले 'हत्यारालाई फाँसी दे' भन्दै लगाएका नारा प्रशारण गरिएका थिए। यसैबीच घटनाबारे बुझ्न आएको राष्ट्रिय मानवअधिकार आयोगका प्रवक्ता मोहना अन्सारको स्थलगत अध्ययनको समाचार पनि प्रशारण गरिएको थियो। साउन २९ र ३० गतेका दृष्य थप उत्तेजक थिए।

आन्दोलनकारीले शीर्ष नेताका पुत्ला बनाएर नगर परिक्रमा गरिरहेको, उत्तेजक नाराजुलुश भइरहेको समाचार प्रशारण भएका थिए। साउन ३१ गते राजनीतिक दलहरुले आयोजना गरेको सभाको शान्तिपूर्ण दृष्यले प्राथमिकता पाएको थियो। साउन ३२ गते आन्दोलनमा मृत्यु भएकाहरुले अन्त्येष्टिसम्बन्धी समाचार प्रशारण भएको थियो, जुन अघिल्लो दिनको तुलनामा शान्तिपूर्ण देखिन्थ्यो। भदौ १ र २ गते आन्दोलनमा पेशागत संगसंगठन, सरकारी कर्मचारी, शिक्षक, महिला सञ्जाल सहभागी भएको समाचार प्रमुखताका साथ प्रशारण गरिएको थियो। सम्पादन नगरेरै प्रशारण गरिएका आन्दोलनका कतिपय दृष्यहरु निकै भद्दा खालका थिए। भदौ ३ र ४ गते पनि आन्दोलनलाई विशाल भन्दै प्रशारण गरिएको थियो। मंगलगढीचोकमा नमूना प्रदेशसभा गरिएको खबरलाई प्रमुखताका साथ प्रशारण गरिएको थियो। भदौ ४ गते केन्द्रबाट माग सम्बोधन भएपछि भदौ ५ गते वीरेन्द्रनगरमा शोभायात्रा गरियो। सदाझैं उक्त शोभायात्राको खबर पनि सेमिलाइभ भएको थियो।

रेडियो र टेलिभिजनले सुर्खेत आन्दोलनका क्रममा महत्वपूर्ण भूमिका निर्वाह गरे पनि उनीहरूको प्रस्तुतिमा गम्भीर चुनौतीहरू देखिएका छन्। रेडियोजस्तो प्रभावकारी माध्यमले श्रोतासम्म सहजै पहुँच पुऱ्याए पनि द्वन्द्व संवेदनशीलतामा आधारित सामग्रीको अभाव थियो। गलत तथ्याङ्क र भडकाउने शैलीका समाचारले आन्दोलनलाई शान्तिपूर्ण बनाउन नसक्नु रेडियोको प्रमुख कमजोरी रह्यो। प्रत्यक्ष प्रशारणको क्रममा घटनास्थलको असंसोधित अवस्था प्रसारण गर्दा स्थिति झनै बिग्रियो। तर, नेताहरूको प्रतिवद्धता र राजनीतिक दलको आश्वासन प्रसारण गरेर जनतालाई सूसुचित गर्ने प्रयास सराहनीय थियो।

टेलिभिजनको श्रव्य-दृष्य शक्तिले आन्दोलनका घटनालाई जनतामा प्रभावशाली ढंगले प्रस्तुत गऱ्यो, तर हिंसात्मक दृश्यहरू सम्पादनबिना नै प्रसारण गर्दा नकारात्मक प्रभाव पऱ्यो। विशेषगरी बालबालिकाको मनोविज्ञानमा नराम्रो असर पर्नु र घरभित्रका मानिसलाई समेत आन्दोलनमा सहभागी गराउन प्रेरित गर्नु गम्भीर त्रुटि थियो। टेलिभिजनले शान्ति प्रवर्द्धन गर्ने प्रयास नगरी घटना छायांकन र तत्काल प्रसारणमा मात्रै ध्यान केन्द्रित गरेको थियो। राजनीतिक दल र सरकारी निकायका दृष्टिकोणलाई समेट्ने र शान्ति निर्माणका उपाय सुझाउने काम पर्याप्त रूपमा गरिएन। सञ्चारका यी दुवै माध्यमले द्वन्द्व समाधानमा सकारात्मक भूमिका निर्वाह गर्न तटस्थता र जिम्मेवारीलाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता देखिन्छ।

**मिडियामा राजनीतिक प्रभाव**

आन्दोलनको क्रममा यहाँका पत्रपत्रिका, एफएम र टेलिभिजनमा राजनीतिकि प्रभाव स्पष्टसँग परेको पाइयो। स्वतन्त्र र व्यावसायिक भनिए पनि कुनै न कुनै दल वा दलका नेतानिकट हुनुले मिडियामा उनीहरुको आवाजले बढी प्राथमिकता पाएको थियो। एमालेनिकट ठानिने साझा बिसौनी र युग आह्वानले अखण्ड मध्यपश्चिमको मुद्दालाई निकै जोड दिएको पाइयो। आन्दोलन अघि बढ्दै जाँदा आन्दोलनको मुख्य माग के हो भन्ने अन्योलता बढिरहेको बेला यी दुई पत्रिकाले अखण्ड मध्यपश्चिमलाई नै 'बटमलाइन' बनाउने गरी जोड दिएको पाइन्छ। एमाओवादीनिकट मानिने हाम्रो नयाँ नेपालले भने भेरी–कर्णाली प्रदेशको पक्षमा खरो उत्रिएको थियो। यतिसम्म कि– भदौ ५ गतेको अंकमा उक्त पत्रिकाले 'प्रचण्ड, केपी, सुशील दाइः भेरी–कर्णाली प्रदेश हाइहाइ' शीर्षकमा मुख्य समाचार नै प्रकाशित गरेको थियो। भेरी–कर्णाली प्रदेशको माग विशेषगरी एमाओवादीले उठाएको थियो। उक्त पार्टीले सशस्त्र युद्धकालदेखि नै पार्टी संरचनामा भेरी–कर्णाली राज्यको कल्पना गरेको थियो। पछिल्लो आन्दोलनमा एमाओवादी नेता रामबहादुर चपाईंको संयोजकत्वमा छुट्टै संघर्ष समिति नै बन्यो। अर्कोतिर, हाम्रो नयाँ नेपालका सम्पादकसमेत रहेका नेपाल पत्रकार महासंघका जिल्ला अध्यक्ष गणेशशञ्चन भारती स्वयं भेरी–कर्णाली प्रदेशले निकालेको र्यालीमा सहभागी हुने गरेको पाइयो। जागरण एफएमका समाचार संयोजक दीपेन्द्र वलीका अनुसार उनी आन्दोलनकारीले झैं मञ्चमै पुगेर भाषण गर्थे। कांग्रेसनिकट मानिने हाम्रो अखबारले आन्दोलनको मुद्दामा दलहरु विभाजित भएको मात्र लेखेन, एमाले पार्टी नै विभाजित भएको तथ्य बाहिर ल्यायो। सोही कुरा एमालेनिकट पत्रिकाले थाहा पाएर पनि लेख्ने आँट गरेनन्।

एफएम रेडियोमा राजनीतिक प्रभाव अझ बढी देखिएको थियो। दुईवटा एफएमका साँझका मुख्य समाचार केलाउँदा आन्दोलन अवधिभर जागरण एफएममा एमाले पोलिटव्युरो सदस्य यामलाल कँडेलको तीनपटक भनाइ समेटेको पाइयो। उनले आन्दोलनको औचित्य र आफ्नो पार्टीको अडान राखेका थिए। त्यसरी नै रेडियो सुर्खेतमा तीनपटक कांग्रेस सहमहामन्त्री पूर्णबहादुर खड्काको भनाइ प्रशारण भएको थियो। रोचक त के छ भने, यी दुई एफएमले अर्को नेताको विचारलाई आफ्नो एफएममा प्रशारण गरेको पाइएन। जागरण एफएममा त कांग्रेस नेता खड्काविरुद्ध बजारमा लागेको उत्तेजक नारा 'पूर्णे चोर, देश छोड' भन्नेलाई जस्ताको तस्तै प्रशारण गरिएको थियो। मुख्य समाचारमै रेकर्ड गरेर प्रशारण

गरिएको रिपोर्टमा यस्तो नारा प्रशारण हुनु भनेको नियतमा खोट हो । यसले निश्चित रुपमा खड्काप्रति जनताको वितृष्णा जन्माउँथ्यो, जसको राजनीतिक फाइदा कांग्रेसइतरका दलले लिनसक्थे ।

दुईवटा एफएमका प्रसारित सामग्रीलाई हेर्दा जागरण एफएम राजनीतिक रुपमा बढी पूर्वाग्रही देखियो । निश्चित नेताका विरुद्ध सडकमा लागेका नारा सम्पादन नगरी प्रसारण गर्नु पत्रकारिताको मूल्यमान्यताविपरीत कार्य हो । यद्यपि आफ्m निकटका नेता वा राजनीतिक विचारलाई स्थान दिने सन्दर्भमा भने जागरण एफएम र रेडियो सुर्खेत एफएमा समानता पाइन्छ । पत्रिकामा प्रकाशित सामग्री हेर्दा लोकमञ्च दैनिक कुनै निश्चित नेताको मुखपत्रजस्तो देखिन्छ । उक्त पत्रिकाले कांग्रेस सहमहामन्त्री पूर्णबहादुर खड्काका भनाइलाई प्रशस्त स्थान दिनुका साथै अन्तर्वार्ता पनि प्रकाशित गरेको थियो । राजनीतिक रुपमा माहोल उत्तेजित बनाउने र घृणा फैलाउने सन्दर्भमा भने सुर्खेत पहिचान दैनिक र हाम्रो नयाँ नेपाल दैनिकको संवेदनशीलता न्यून देखिन्थ्यो । तुलनात्मक रुपमा साझा बिसौनी दैनिक र काँक्रेबिहार दैनिक अन्य पत्रिकाको तुलनामा सन्तुलित देखिएका थिए ।

## निश्कर्ष तथा सुझाव

सुर्खेत आन्दोलन प्रादेशिक राजधानीको सुनिश्चितताको मागलाई केन्द्रीय विषय बनाएर गरिएको थियो । तर, आन्दोलनका क्रममा स्थानीय सञ्चारमाध्यमहरूको भूमिकामा गम्भीर चुनौती देखियो । अधिकांश मिडियाहरूले आफ्ना समाचार सामग्रीमा तटस्थता कायम राख्न सकेनन् । मिडियाले आन्दोलनकारीझैं प्रस्तुत भई भावनात्मक र भडकाउने खालका सामग्री प्रकाशन र प्रशारण गरे । हिंसात्मक दृश्य र विभत्स घटनालाई सम्पादनबिना नै जनतामाझ पु¥याउने कामले स्थिति झनै जटिल बनायो । शान्ति र समाधानका उपायहरू सुझाउनुपर्ने ठाउँमा उल्टो आक्रोश र असन्तुष्टि थप्ने काम भयो । यसरी पत्रकारितामा तटस्थता, सन्तुलन र विवेकको अभावले आन्दोलनलाई थप उग्र बनाउन भूमिका खेलेको देखियो ।  यसबाट पत्रकार आचारसंहिताको गंभीर उल्लंघन भयो । नेपाल पत्रकार महासंघको सहमतिमा प्रेस काउन्सिल नेपालले जारी गरेको पत्रकार आचारसंहिता २०७३ (पहिलो संशोधन २०७६) को दफा ५ (३) मा भनिएको छ, ‘हिंसा, आतंक, अश्लिलता र अपराधलाई प्रश्रय दिन नहुने’ । त्यसैगरी दफा ५ (५) मा भनिएको छ, ‘विभत्स दृश्य तथा तस्बिर प्रकाशन वा प्रशारण गर्न नहुने’ ।

यस घटनाबाट पाठ सिक्दै, मिडियाहरूले राजनीतिक प्रभावबाट पूर्णतः निरपेक्ष भई व्यावसायिकता र जिम्मेवार पत्रकारिता अभ्यास गर्नुपर्छ । पत्रकारहरूलाई राजनीतिबाट टाढा राख्न र स्वतन्त्रतासहित पेशागत जिम्मेवारी पूरा गर्न प्रशिक्षण र सचेतना कार्यक्रम सञ्चालन गरिनुपर्छ । शान्ति पत्रकारिताको सिद्धान्तमा आधारित सामग्री उत्पादन गरेर द्वन्द्व समाधानमा भूमिका खेल्नुपर्छ । साथै सञ्चारगृहहरूले आर्थिक रूपले सबल भई पत्रकारहरूको पेशागत सुरक्षामा ध्यान दिनुपर्छ । समाजका सरोकारका विषयहरूलाई सही दृष्टिकोणबाट सम्बोधन गर्दै हिंसा र तनाव कम गर्न सकारात्मक भूमिका निर्वाह गर्न मिडियाहरूले सक्रियता देखाउनुपर्छ । यसरी मात्र सञ्चारमाध्यमले समाजप्रति आफ्नो दायित्व पूरा गर्न सक्छ ।

## लेखक परिचय

कलेन्द्र सेजुवाल खोज तथा अनुसन्धानमूलक रिपोर्टिङमा दख्खल राख्ने पत्रकार हुन् । पत्रकारिता तथा आमसञ्चार र द्वन्द्व तथा शान्ति अध्ययनमा स्नातकोत्तरका साथै कानुनमा स्नातक उपाधि हासिल गरेका सेजुवाल नेपाल पत्रकार महासंघका पूर्वकेन्द्रीय कोषाध्यक्ष हुन् । कान्तिपुर दैनिक, नागरिक दैनिक, नयाँ पत्रिका दैनिक, स्पेसटाइम दैनिक, नयाँ सडक दैनिक र राससमा साढे २ दसक पत्रकारिता गरेका उनी हाल नेपालनीति डिजिटल पत्रिकाका सम्पादक छन् ।

## सन्दर्भ सामग्री

गुरुङ हस्त (२०६१), *शान्तिका लागि पत्रकारिता*, मार्टिन चौतारी, काठमाडौं ।

घले खिम, (२०७१), रुवाण्डा बन्छ कि बनाइन्छ, कान्तिपुर दैनिक, २०७१ पुस १३, काठमाडौं ।

जागरण एफएम, (२०७२), २०७२ साउन २४ देखि भदौ ४ गतेसम्म प्रसारित प्रमुख समाचार, सुर्खेत ।

नेपाल पत्रकार महासंघ (२०६४), *मधेश आन्दोलन र प्रेस*, नेपाल पत्रकार महासंघ, काठमाडौं ।

नेपाल पत्रकार महासंघ सुर्खेत शाखा, (२०६२), *सञ्चारपथ स्मारिका*, नेपाल पत्रकार महासंघ, सुर्खेत ।

पोख्रेल गोकुल, दाहाल तारानाथ, सिग्देल सन्तोष (२०६४), *मधेस आन्दोलनमा मिडिया*, फ्रिडम फोरम, काठमाडौं ।

शर्मा ओम, धिताल मनक्रिषि (२०६३), *युद्ध र पत्रकारिता*, नवनेपाल प्रकाशन, काठमाडौं ।

*युग आह्वान दैनिक*, (२०७२),  २०७२ साउन २४ देखि भदौ ४ गतेसम्म प्रकाशित प्रमुख समाचार, सुर्खेत ।

*रेडियो सुर्खेत एफएम*, (२०७२), २०७२ साउन २४ देखि भदौ ४ गतेसम्म प्रसारित प्रमुख समाचार, सुर्खेत ।

लोकमञ्च दैनिक, (२०७२), २०७२ साउन २४ देखि भदौ ४ गतेसम्म प्रकाशित प्रमुख समाचार, सुर्खेत ।

साझा बिसौनी, (२०७२), २०७२ साउन २४ देखि भदौ ४ गतेसम्म प्रकाशित प्रमुख समाचार, सुर्खेत।
सुनगाभा टेलिभिजन, (२०७२), २०७२ साउन २४ देखि भदौ ४ गतेसम्म प्रसारित प्रमुख समाचार, सुर्खेत।
सुर्खेत पहिचान दैनिक, (२०७२), २०७२ साउन २४ देखि भदौ ४ गतेसम्म प्रकाशित प्रमुख समाचार, सुर्खेत।
सुर्खेतपत्र दैनिक, (२०७२), २०७२ साउन २४ देखि भदौ ४ गतेसम्म प्रकाशित प्रमुख समाचार, सुर्खेत।
हाम्रो अखबार दैनिक, (२०७२), २०७२ साउन २४ देखि भदौ ४ गतेसम्म प्रकाशित प्रमुख समाचार, सुर्खेत।
हाम्रो नयाँ नेपाल, (२०७२), २०७२ साउन २४ देखि भदौ ४ गतेसम्म प्रकाशित प्रमुख समाचार, सुर्खेत।
Thompson, A. (2007). *The Media and the Rwanda Genocide.* International Development Research Centre.